# सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि नयाँ दर्ता तथा नवीकरणको निवेदन दिंदा आवश्यक पर्ने कागजातहरु

| क्र.सं. | लाभान्वित वर्ग | फोटो र निवेदनका साथ अनिवार्य पेश गर्नुपर्ने कागजातहरु (सक्कल साथ एक/एक थान प्रतिलिपि) | |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक (६८ वर्ष पुरा गरेको) | ➢ नागरिकता/नागरिकतामा फरक ठेगाना भए बसाइसराई वा विवाहदर्ता | निवेदन प्रमाणित गर्ने कार्यालयले आवश्यकता अनुसार थप प्रमाणहरु माग गर्न सक्नेछ । |
| २ | अन्य जेष्ठ नागरिक<br>(६० वर्ष उमेर पुगेका दलित समुदाय) | ➢ नागरिकता/नागरिकतामा फरक ठेगाना भए बसाइसराई वा विवाहदर्ता<br>➢ दलित थर प्रमाणित हुने जिल्ला प्रशासन वा सम्बन्धित निकायको प्रमाणपत्र | |
| ३ | एकल महिला (विवाह नगरी बसेका ६० वर्ष उमेर पुगेका महिला, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरेका महिला) | ➢ नागरिकता/नागरिकतामा फरक ठेगाना भए बसाइसराई<br>➢ सम्बन्ध विच्छेद प्रमाणपत्र वा न्यायिक पृथकीकरण गरी बसेको कागजात,<br>➢ अविवाहित रहेको सिफारिस (वडा कार्यालयबाट उपलब्ध हुने) | |
| ४ | विधवा | ➢ नागरिकता/नागरिकतामा फरक ठेगाना भए बसाइसराई<br>➢ पतिको मृत्यु दर्ताको प्रमाणपत्र तथा पुन: विवाह नगरेको सिफारिस | |
| ५ | पूर्ण अपाङ्गता भएका | ➢ आधिकारिक निकायबाट क वर्ग अर्थात् रातो रंगको अपाङ्गता परिचय पत्र<br>➢ १६ वर्ष पुगेकाको हकमा नागरिकता / वा नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्र<br>➢ नागरिकतामा फरक ठेगाना भए बसाइसराई वा विवाहदर्ता | |
| ६ | अति अशक्त अपाङ्गता | ➢ सम्बन्धित निकायबाट ख वर्ग अर्थात् निलो रंगको अपाङ्गता परिचय पत्र<br>➢ १६ वर्ष पुगेकाको हकमा नागरिकता / वा नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्र<br>➢ नागरिकतामा फरक ठेगाना भए बसाइसराई वा विवाहदर्ता | |
| ७ | लोपोन्मुख आदिवासी/जनजाति | ➢ नागरिकता वा जन्मदर्ता प्रमाणपत्र (प्रमाणपत्रमा कुसुन्डा, बनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे र कुसवडिया, पत्थरकट्टा, सिलकट, कुशवधिया, कुचबधिया थर हुनुपर्ने)<br>➢ नागरिकतामा फरक ठेगाना भए बसाइसराई वा विवाहदर्ता | |
| ८ | दलित बालबालिका | ➢ नानीको जन्मदर्ता प्रमाणपत्र (बसाइसराइ भएको भए प्रमाणपत्र)<br>➢ बाबु वा आमाको नागरिकता वा नभए संरक्षक भए निजको नागरिकता प्रमाणपत्र | |

✓ प्रत्येक आर्थिक वर्षको श्रावण १ गतेदेखि भाद्र मसान्तसम्म आफ्नो वडा कार्यालयमा लाभग्राही स्वयम् उपस्थित भई उल्लेखित बमोजिमका कागजातका साथ परिचयपत्र नवीकरण गर्नु पर्दछ ।

✓ नेपाल सरकारको पूर्ण तथा आंशिक स्वामित्वमा रहेको संस्थाबाट नियमित रुपले तलब, पेन्सन आदि लाभ लिइरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता लिन नपाउने कानूनमा स्पष्ट व्यवस्था गरेको छ । यदि कसैले कानून विपरित दोहोरो सुविधा लिएमा वा दोहोरो दर्ता गरी भत्ता बुझेमा कानून बमोजिम बिगो बराबर जरिवाना सहित निजले बुझेको सम्पूर्ण भत्ता रकम असुल उपर गर्नुपर्नेछ ।

Design by smitahari

**इटहरी उपमहानगरपालिका**
**सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा**

**टोल फ्रि नं. १६६००१९६६६६**
**www.donidcr.gov.np**

**नेपाल सरकार, गृह मन्त्रालय**
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**